# 多言語情報コーナー　　　　　　　　　（令和６年　４月号）

## (१) बालबालिका परिवार केन्द्र खुल्ने बारे जानकारी !

तोचिगी-शिमा, यहि अप्रिल महिना देखि, बालबालिका परिवार केन्द्र खोलिने भएकोछ । बालबालिका परिवार केन्द्रमा, गर्भवती हुनुभन्दा पहिलेदेखि बच्चा १८ बर्षको उमेरमा नपुग्दासम्म, निश्चिन्त रूपमा जीवनयापन गर्दै, बच्चा हुर्काउन सक्ने हुनका लागि परामर्श र सहायता गरिन्छ ।

बालबालिका परिवार केन्द्रमा, “ओयाको हागुकुमि शाखा”, “कोदोमो सुदाचि सहयोग शाखा” र “जिदोउ कातेई परामर्श शाखा” नामका तीनवटा शाखाहरु छन् ।

“ओयाको हागुकुमि शाखा” ले ० देखि ४ वर्षसम्मका बालबालिकालाई गर्भावस्था अघिदेखि प्रसव पछिसम्म परामर्श र सहयोग प्रदान गर्दछ ।

मातृ र शिशुको रेकर्ड बुक प्राप्त गर्न, बच्चा जन्माउनु अघि र पछि आमा र बाबुको शारीरिक अवस्था र भावनाहरू बारे परामर्श, बच्चा जन्माउने तयारीहरू बारे जान्न चाहने, बाल हेरचाहको बारेमा कुरा गर्न चाहने, आमाको दूध र दूध छूटाउने बारेमा परामर्श गर्न चाहने, र बच्चाको वृद्धि र विकास जाँच गर्न चाहने आदि बारेमा परामर्श दिने गरिन्छ ।

“कोदोमो सुदाचि सहयोग शाखा” ले ५ बर्ष देखि १८ बर्ष आसपासका केटा केटीहरु संग सम्बन्धित परामर्श सहायता दिने गर्दछ ।

“जिदोउ कातेई परामर्श शाखा” ले बाल दुर्व्यवहार, घरेलु हिंसा, युवा हेरचाहकर्ता आदिको परामर्श सहायता दिने गर्दछ ।

थप रूपमा, एक “कोदोमो नान्देमो परामर्श डेस्क” को पनि स्थापना गरिनेछ । यदि तपाईं आफ्नो बच्चाको बारेमा सल्लाहको लागि कहाँ जाने भनेर चिन्तित हुनुहुन्छ भने, विभिन्न प्रकारका पेशेवरहरूले तपाईंलाई सहयोग गर्न र आवश्यक सहयोग र सम्बन्धित संस्थाहरूसँग सम्पर्क गराईदिन्छन् ।

बालबालिका र परिवार केन्द्र इमाइजुमी-माचिको तोचिगी होकेन् फुकुशी सेण्टर (स्वास्थ्य र कल्याण केन्द्र)को दोस्रो तलामा अवस्थित छ ।

कुनै पनि कुराको बारेमा हामीलाई सम्पर्क गर्न नहिचकिचाउनुहोस् ।

यदि तपाईलाई दोभाषे चाहिन्छ भने, कृपया कोकुसाई कोउर्युउ क्योउकाई (**Tochigi City International Association**) लाई सम्पर्क गर्नुहोस् ।

**(२) तोचिसुके जन्मोत्सव @ मारूसेको आयोजना बारे जानकारी !**

के तपाईंहरूले, तोचिगी-शिको मास्कट क्यारक्टर तोचिसुकेलाई चिन्नुहुन्छ ?
तोचिसुकेको जन्मदिन, सन् २०१४ साल अप्रिल महिनाको ५ तारीख़ हो ।
यस बर्ष १० औं बार्षिकोत्सव मनाईन्छ, त्यसैले अप्रिल १३ (शनिबार) बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म, तोचिसुकेको जन्मदिन पार्टी @ मारूसे इरिफुने-च्योउको तोचिगी सिटी म्युजियम अफ आर्ट एण्ड लिटरेचर प्लाजामा आयोजना हुनेछ ।
जन्मदिन समारोहको अतिरिक्त, तोचिसुके र उनका साथी पात्रहरू जस्तै सानोमारुको लागि स्टेज र फोटो खिच्ने समय पनि हुनेछ ।
यदि उक्त दिन बर्षात भएमा, उक्त समारोह तोचिगी-शि सिमिन् कोउर्युउ सेण्टरमा आयोजना गरिनेछ ।
तोचिसुकेलाई चिन्ने यो एउटा ठूलो अवसर हो, त्यसैले कृपया घुम्न आईदिनु होला ।

## (३) उजुमा-रे जापानी भाषा कक्षा बारे जानकारी !

तोचिगी-शि कोकुसाई कोउर्युउ क्योउकाईद्वारा संचालित जापानी भाषा कक्षा, उजुमा-रे ओहीरा कक्षा, यहि अप्रिल महिना देखि स्थान परिवर्तन हुनेछ।
नयाँ स्थान चाँही, ओहिरामाचि कुराईको "फुरुसातो फुरेआईकान्"को प्रशिक्षण कोठा हो।
"फुरुसातो फुरेआईकान्" युउयुउ प्लाजाको छेउमा, जहाँ जापानी बगैंचा छ, त्याहाँ अवस्थित छ।
कक्षा संचालन पटक पनि, महिनाको दुई पटकबाट महिनाको तीन पटकमा परिवर्तन हुनेछ।
मिति र समयहरूमा, महिनाको पहिलो, दोश्रो र चौथो शनिबार बिहान 10:00 बजे देखि 11:30 बजे सम्म रहनेछन्।
साथै, उजुमा-रेको केन्द्रीय कक्षा हरेक बुधबार, महिनाको चार पटक, 10:00 बजे देखि 11:30 सम्म इरिफुने-च्योउको तोचिगी-शि सिमिन् कोउर्युउ सेण्टरको चौथो तल्लामा रहेको प्रशिक्षण कोठामा आयोजित गरिन्छ।
उजुमा-रेमा, तपाईंले दैनिक जीवनयापनको लागि आवश्यक जापानी भाषा सिकेर, जापानमा मानसिक शान्तिका साथ बस्न सक्नुहुनेछ भन्ने लक्ष्य राखिएकोछ।
त्याहाँ विद्यार्थीहरु, जापानी भाषा सहयोगी कर्मचारीहरूसँग अन्तरक्रिया गर्दै, रमाईलो गरि सिकिरहेका छन्।
जापानी भाषा पढ्न चाहने जो कोहीले नि:शुल्क सहभागी हुन सक्छन्, त्यसैले नि:शंकोच आउन सक्नु हुन्छ।

**(४) ओहिरा सोउगोउ शिस्यो (शियाकुस्योको सामान्य शाखा) मा दोभाषे नियुक्तिको बारेमा जानकारी !**

ओहिरा सामान्य शाखामा, कर्मचारी र विदेशी आगन्तुकहरू बीच सहज संचार सुनिश्चित गर्न हामीसँग दोभाषेहरू उपलब्ध छन् ।

हरेक मंगलबार बिहान ९ बजेदेखि १२ बजेसम्म चिनियाँ दोभाषे उपलब्ध हुन्छ ।
प्रत्येक बुधबार दिउँसो 3:00 बजे देखि 5:00 बजेसम्म अंग्रेजी दोभाषे उपलब्ध हुन्छ ।
विशेष गरी, महिनाको दोस्रो बुधबारको (कार्यालय समय लम्ब्याएका) दिन अंग्रेजी अनुवादक 7:00 बजे सम्म उपलब्ध हुनेछ ।

निवास परिवर्तनको सूचना, माई-नम्बरको लागि आवेदन, कर सम्बन्धि कुराहरू जस्ता प्रक्रियाहरूमा त्याहाँ उपस्थित दोभाषेले  मद्दत गर्नेछ, त्यसैले सम्भव भएमा, कृपया दोभाषे उपलब्ध भएको दिन आउनुहोस् ।